नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन– २०८१

## प्रेस विज्ञप्ति

नेपाली श्रमशक्तिको यथोचित उपयोग गर्न, रोजगारी सिर्जना गर्ने क्षेत्रहरुको संरक्षण र प्रवर्धन गर्न तथा वैदेशिक रोजगारीबाट आर्जित सीप, ज्ञान र पुँजीको यथोचित प्रयोग गरी मुलुकको वृहत्तर उन्नतीमा सहयोग गर्ने सन्दर्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले "उत्पादन र उत्पादकत्व विस्तार, आन्तरिक रोजगारीको दिगो आधार" नारा सहित २०८१ फागुन २६ र २७ गते आयोजना गरेको राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०८१ सम्पन्न भएको छ ।

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले उदघाटन गर्नुभएको सो सम्मेलनमा नेपालको रोजगारी र आगामी कार्यदिशा, कृषिमा उत्पादन र उत्पादकत्व अभिवृद्धि, उद्योग क्षेत्रको विकास र विस्तार, रोजगारदाताका समस्या, पर्यटन प्रवर्धन, नेपालको रोजगार सेवामा सामाजिक न्याय, रोजगारमूलक शिक्षा, उद्यमशील वनाउन जोड, र श्रम वजारको माग अनुरुपको सीप विकासको आवश्यकता लगायतका विषयमा प्रकाश पार्दै त्यस तर्फ सम्मेलनको ध्यानाकर्षण सहित सम्मेलनको सफलताको लागि शुभकामना व्यक्त गर्दै आन्तरिक रोजगार अभिवृद्धि गर्न र सम्मेलनवाट प्राप्त सुझावहरुलाई नेपाल सरकारले ग्रहण गर्ने कुरा समेत व्यक्त गर्नु भएको थियो । सम्मेलनमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले रुपान्तरणकारी "आन्तरिक रोजगार प्रवर्धन दशक (आ.व. २०८२/८३–२०९१/९२)" को घोषणा गर्नुभएको थियो ।

सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सम्मेलनको औचित्यका वारेमा प्रकाश पार्नुभएको थियो । सो अवसरमा सम्वन्धित विषयको सीप तालिम तथा रोजगारी प्रदान गर्ने सम्बन्धमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र विभिन्न १० वटा रोजगारदाता संस्थाबीच, प्रधानमन्त्री रोजगार कार्यक्रम र स्विस कन्टयाक्ट बीच श्रम संसार पोर्टलको विस्तार गर्ने विषयमा तथा सामाजिक सुरक्षा कोषमा आवद्ध हुने विषयमा सामाजिक सुरक्षा कोष र विभिन्न सातवटा रोजगारदातावीच समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

प्रधानमन्त्रीज्यूका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, काठमाडौं विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा.अच्युतप्रसाद वाग्ले, नेपाल लगानी वोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली र नेपाल सरकारका मुख्य सचिव एकनारायण अर्यालले किनोट स्पिच दिनुभएको थियो । आन्तरिक रोजगारी सिर्जनाका लागि सम्भावित क्षेत्रको पहिचान र प्रवर्धन विषयमा प्लेनरी डिस्कसनको आयोजना भएको थियो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीको सेसन चेयर र एफएओका कार्यक्रम विशेषज्ञ अरुण जिसी, सिएनआईका उपाध्यक्ष वीरेन्द्रराज पाण्डे, होटल एसोसियसन अफ नेपालका अध्यक्ष विनायक शाह, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्र कुँवर, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष ज्योत्सना श्रेष्ठ र नाडाका अध्यक्ष करण चौधरीले नेपालमा आन्तरिक रोजगारी सिर्जनाका लागि संभावित क्षेत्रको पहिचान र प्रवर्धन विषयमा सुझाव दिनुभएको थियो। त्यसैगरी, दोस्रो प्लेनरी सत्रमा नेपालमा रोजगार सेवा तथा सुविधाको विकास र विस्तार विषयमा प्लेनरी प्रस्तुतिको लागि मोडरेटरका रुपमा रोजगार विज्ञ युवराज वस्नेत, नेपाल उद्योग वाणिज्य महासंघका मनोज पौडेल, आइएलओका

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np

वरिष्ठ कार्यक्रम अधिकृत बसन्तकुमार कार्की,विश्व बैङ्क नेपालका वरिष्ठ सोसल प्रोटेक्सन अफिसर जस्मीन राजभण्डारी, टिभेटविज्ञ प्रा.डा. प्रमोदबहादुर श्रेष्ठ,टिभेटविज्ञ डा. रामहरि लामिछाने,आइएलओका वरिष्ठ कार्यक्रम अधिकृत सलोमन राजवंसी र जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले सुझाव सहित आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

यसैगरी दोस्रो दिनको पहिलो सत्रमा श्रम आप्रवासन व्यवस्थापनका विविध आयामहरुका बारेमा आप्रवासन विज्ञ डा. जीवन बानियाँको सेसन चेयरमा अनुसन्धानकर्ता डा. रामनारायण श्रेष्ठ,ब्रुनेल विश्वविद्यालय बेलायतका अध्यापक डा. आयुष्मान भगत,पूर्वराजदूत डा. शर्मिला पराजुली ढकाल,जेटियुसिसीका सीता लामा र वैदेशिक रोजगार व्यावसायी संघका प्रथम उपाध्यक्ष डिगबहादुर खत्रीले आ-आफ्नो धारणा व्यक्त गर्नु भएको थियो । त्यस्तै सूचना प्रविधिको विकासमा नेपालको सम्भावना र रोजगारी सिर्जना विषयक प्यानल छलफलमा सम्माननीय प्रधानमन्त्रीज्यूका सूचना प्रविधि विज्ञ असगर अली सेसन मोडरेटर इन्जिनियरिङ अध्ययन संस्थानका प्रा.डा. शशीधरराम जोशी,जेटियुसिसीका उपाध्यक्ष धनबहादुर विक,जिनिस सोलुसन्सका उपाध्यक्ष कैलास बढु र फ्लेक्स्टेक्स नेपालका अध्यक्ष सुदन चापागाईले सूचना प्रविधिमा रोजगारीका अवसरबारे धारणा व्यक्त गर्नुभएको थियो ।

यसैगरी वैदेशिक रोजगारबाट प्राप्त ज्ञान,सीप र पुँजीलाई उत्पादन र उत्पादकत्व अभिवृद्धिमा प्रयोग विषयक छलफलमा श्रम आप्रवासन विज्ञ डा. गणेश गुरुङको सेसन चेयरमा आप्रवासन विज्ञ मदुसिखा लन्साकारा,कान्तिपुर मिडिया ग्रुपका प्रमुख कार्यकारी अधिकृत महेश स्वाँर,गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसी, एसएआरटियुसीका महासचिव लक्ष्मण बस्नेत र मुक्तिनाथ विकास बैंकका कार्यकारी प्रमुख श्री प्रद्युमन पोखरेलले बोल्नुभएको थियो ।

घोषित" आन्तरिक रोजगार प्रवर्धन दशक २०८२/०८३- २०९१/०९२" लाई सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक रणनीति, कार्यनीति र कार्यक्रम तय गरी कार्यान्वयन गर्ने प्रतिवद्धताका साथ सम्मेलनबाट १६ बुँदे घोषणापत्र जारी गर्दै समापन समारोहका प्रमुख अतिथि माननीय श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीज्यूको समापन सम्बोधन र समारोहका अध्यक्षता गर्नु भएका सचिव डा. कृष्णहरी पुष्करद्वारा सम्मेलनका सह-आयोजक,सहयोगी संस्थाहरू तथा मिडिया साझेदार र सम्पूर्ण सहभागीलाई धन्यवाद ज्ञापन सहित पाँचौ राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन,२०८१ सम्पन्न भएको छ ।

२०८१ फागुन २७ गते,
ने.सं. ११४५ चिल्लाथ्व द्वादशी, मंगलबार

(डण्डुराज घिमिरे)
सहसचिव/ प्रवक्ता